**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय सिन्धुली, सिन्धुलीका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८३/०१/३१ गते बिहिबारको नागरिक राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले बिभिन्न शिर्षक अन्तरगत लिएको ऋण कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले निज ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तानको लागि पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागी २०८२/०१/०५ गते शुक्रबारको अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरीएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको साथै मिति २०८२/१०/०७ गते बुधवारको अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरीएकोमा धितो बापतको सम्पत्ति लिलाम बिक्री हुन नसकेकाले कर्जा असुलीका लागि कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य कर्जा असुलीमा लागि प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय दुधौलीमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात् २०८३/०२/०७ गते बिहिबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको **शाखा कार्यालय दुधौलीमा** दिनको ठीक २:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराइछ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, उद्योग बाणीज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिस्ट्ररको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ अर्न्तगत मिति २०७७/०९/२० मा दर्ता नं. २५२०३०/०७७/०७८ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुरबाट मिति २०७७/१०/१२ र २०७७/१०/१३ मु.अ. करमा समेत दर्ता भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०९८९८२४८ को प्रमाणपत्र प्राप्त **लालीगुराँस हार्डवेयर एण्ड सप्लायर्स प्रा.लि.** ।

**रजिष्टर्ड ठेगाना :** सिन्धुली जिल्ला दुधौली न.पा. वडा नं. ९ ।

| | |
|---|---|
| **सञ्चालक तथा जमानतकर्ता : सुरेन्द्र घिमिरे**<br>(ना.प्र.नं. १०५/३१२३६, जारी मिति २०६०/०४/०६ जारी गर्ने कार्यालय जि.प्र.का सिन्धुली) । ठेगाना : सिन्धुली जिल्ला दुधौली नगरपालिका वडा नं. ७ (साबिक लदाभिर गा.वि.स. वडा नं. १) ।<br>बाबु : लेखनाथ घिमिरे ।<br>बाजे : बृहस्पति घिमिरे । | **सञ्चालक तथा जमानतकर्ता : मोहन बहादुर देबकोटा**<br>(ना.प्र.नं. ७९९३, जारी मिति २०५४/०९/२०, प्रतिलिपि जारी मिति २०७७/०८/२९, जारी गर्ने कार्यालय जि.प्र.का. सिन्धुली) । ठेगाना : सिन्धुली जिल्ला दुधौली नगरपालिका वडा नं. १० ।<br>बाबु : दुर्गा बहादुर देबकोटा ।<br>बाजे : गम्भिर बहादुर देबकोटा । |
| **जमानतकर्ता : रेखा कुमारी बस्नेत** (ना.प्र.नं. १०४११, जारी मिति २०५५/०७/१८, प्रतिलिपि जारी मिति २०७४/११/०८, जारी गर्ने कार्यालय जि.प्र.का. सिन्धुली) । ठेगाना : सिन्धुली जिल्ला दुधौली न.पा. वडा नं. ८ ।<br>बाबु : हेम बहादुर बस्नेत ।<br>पति : मोहन बहादुर देबकोटा ।<br>ससुरा बाजे : दुर्गा बहादुर देबकोटा । | **जमानतकर्ता : लेखा कुमारी शर्मा**<br>(ना.प्र.नं. ६३९५६/३११९९४, जारी मिति २०६३/०१/२७, जारी गर्ने कार्यालय जि.प्र.का सिन्धुली) । ठेगाना : ओखलढुङ्गा जिल्ला ठुलाछाप गा.वि.स. वडा नं.५ हालको ठेगाना : सिन्धुली जिल्ला दुधौली न.पा. वडा नं. ७ । बाबु : पदम पसाद शर्मा ।<br>पति : सुरेन्द्र घिमिरे ।<br>ससुरा बाजे : लेखनाथ घिमिरे । |

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. मोहन बहादुर देबकोटा र सुरेन्द्र घिमिरेको संयुक्त नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला कुर्तौली गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ९क, स्थित कित्ता नं. १००८ र ६९७ क्षेत्रफल : ०-४-०-० र ०-३-०-० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .....१

२. सुरेन्द्र घिमिरेको नाममा मालपोत कार्यालय मनमैजु, काठमण्डौंमा दर्ता श्रेष्ता कायम रहेको काठमण्डौं जिल्ला धर्मस्थली गा.वि.स. वडा नं. ५, नक्सा सिट नं. ५ग, कित्ता नं. ३७३ को क्षेत्रफल ०-५-०-० (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..........१

३. ऋणी **लालीगुराँस हार्डबेयर एण्ड सप्लायर्स प्रा.लि.**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ...............१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित र शाखा कार्यालय दुधौली, सिन्धुलीबाट कर्जा असुली विभागबाट** प्राप्त गर्न सकिनेछ

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभागमा तथा शाखा कार्यालय दुधौली, सिन्धुलीमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu Bank

**प्रभु बैंक लिमिटेड**

**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**

**फोन नं. : ०१-५७१९०००**